नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ अंक ३६ २०७९ साल भदौं ११ गते शनिबार (27 Aug 2022 Saturday) मूल्य रु. ५/-




**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : 'अध्यादेश र हालको विधेयकमा.. ३ पृष्ठमा : मंसिर ४ को निर्वाचन सुरक्षार्थ. ३ पृष्ठमा : बाढी पहिरोबाट नौ सयको...

## नामावलीमा धांधली भएको भन्दै अध्यक्ष कार्यकक्षमा तालाबन्दी




**दैनिक समाचारदाता**
**राजविराज, १० भदौ ।**

कोरोना महामारीबाट प्रभावित अतिविपन्न परिवारका लागि सरकारबाट प्राप्त सहयोग राशीको बितरण प्रक्रियामा धांधली भएको भन्दै शुक्रबार वडा अध्यक्षको कार्यकक्षमा तालाबन्दी गरिएको छ ।

बास्तविक पीडित भन्दा आसेपासे र जनप्रतिनिधि समेतलाई उक्त सहयोग राशीका लागि सिफारिस गरिएको भन्दै राजविराज वडा नं. ४ का आक्रोसित स्थानियले वडा अध्यक्ष दिनेशप्रसाद साहको कार्यकक्षमा तालाबन्दी गरेका हुन् ।

वडा कार्यालय अगाडी प्रदर्शनमा उत्रेका सोही वडाका वासिन्दाहरुले कोराना महामारीको प्रभावबाट रोजगारी र आय आर्जनको अवसर गुमाएका अनौपचारिक तथा संगठित क्षेत्रमा रहेका अतिविपन्न गरिब परिवारलाई राहतस्वरुप उपलब्ध गराउन राजविराज नगरपालिका कार्यालयलाई सिफारिस गरिएका नामावलीमा व्यापक त्रृटी रहेको दाबी गर्दै सोको छानबिन गरि त्रृटी सच्याउनु पर्ने माग गरेका छन् ।

उनीहरुले वडा अध्यक्ष साहले सहयोग राशीका लागि सिफारिस गरेको नामावली विवरणमा वडा सदस्यमा निर्वाचित भएका देखी एकै परिवारका तीन/तीन जनासम्म समावेश गरिएको बताएका छन् ।

यसअघिका वडा अध्यक्ष अख्तर अली बाबाले गरेको सिफारिसलाई उल्टयाई नर्वनिर्वाचित वडा अध्यक्ष साहले मनपरी ढंगले नयाँ नामावली तयार गरेको तथा बास्तविक पीडितमाथी अन्याय भएको पीडित महिला रधियादेवीको भनाई छ ।

वडा अध्यक्ष साहले अघिल्लो वडा अध्यक्षले गरेको सिफारिसमा एउटै परिवारका दुई जनासम्मको नाम परेकाले नामावलीमा केही संशोधन गरेको बताए । ५३ जनाको नाम मात्र सिफारिस गर्नुपर्ने ठाउँमा ५ सय जनाको आवेदन परेको भन्दै उनले यदी केही त्रृटी रहेछ भने वाडको बोर्ड बैठकमार्फत सच्याउने जानकारी दिए ।

## डुंगाको प्रयोग गरि तस्करी गरि ल्याइएका विद्युतिय सामान बरामद

**दैनिक समाचारदाता**
**राजविराज, १० भदौ ।**

भारतबाट तस्करी गरि ल्याउँदै गरेको एक लाख भन्दा बढी मुल्य बराबरको विद्युतिय सामान शुक्रबार सशस्त्र प्रहरीले बरामद गरेको छ ।

सप्तरीको सप्तकोशी नदी किनारमा डुंगाको प्रयोग गरि तस्करी गरि ल्याइएको ती विद्युतीय सामानहरु हनुमाननगर कंकालिनी नगरपालिका १४ डल्वास्थित कोशी पलार क्षेत्रबाट बरामद गरिएको हो ।



सशस्त्र प्रहरी बल नेपाल ६ नं. गणका गणपति सशस्त्र प्रहरी उपरिक्षक प्रदिप खडकाले सशस्त्र प्रहरी पोष्ट तिलाठीबाट प्रहरी निरिक्षक कृष्णकुमार भण्डारीको कमान्डमा खटेको टोलीले एक लाख ३७ हजार ९ सय ३२ रुँपैया बराबरको डिबि बक्स ८ कार्टनु, इलेक्ट्रिक स्विच ३ सय ४० थान र पावर सकेट ४ सय ९० थान विद्युतिय सामान बरामद गरेको

*बाँकी अन्तिम पृष्ठमा*

## सूचना । सूचना ॥ सूचना ॥।

### कानको शल्यक्रिया हुने सम्बन्धी सूचना

२०७९ भदौं १९ गतेदेखी २२ गतेसम्म इम्प्याक्ट नेपाल, प्राथमिक कान उपचार केन्द्र राजविराजको आयोजनामा टिचिङ हस्पिटल काठमाडौंका नाक, कान, घाँटी रोग विभागका विशेषज्ञ डाक्टरहरुद्वारा कानको शल्यक्रिया शिविर हुन गइरहेको व्यहोरा सेवाग्रहीहरुमा जानकारी गराइन्छ । तसर्थ कानका रोगीहरु समयमा आफ्नो कानको जाँच गराई मौकाको फाइदा उठाउनुहुन अनुरोध छ ।

**शल्यक्रिया हुने स्थान :** प्राथमिक कान उपचार केन्द्र
राजविराज ९, मलेठ, सप्तरी
(सगरमाथा चौधरी आँखा उपचार केन्द्रको प्राङ्गनमा)

**सम्पर्क नं.** ०३१-५९०००५
**नरेश कुमार यादव :** ९८०४७४२२८०, ९७४२२७०७८४

**आयोजक**
IMPACT Nepal
इम्प्याक्ट नेपाल, प्राथमिक कान उपचार केन्द्र
राजविराज ९, मलेठ, सप्तरी

जनज्योती कृषि सहकारी संस्था लि. स्था.-२०६८ मलेठ, सप्तरी

## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

## लेनदेन मुद्दाका फरार प्रतिवादी पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, १० भदौ ।**

लेनदेन विगो मुद्दाका एक फरार प्रतिवादी तीन वर्षपछि पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा सप्तरीको रुपनी गाउँपालिका २ का ६० वर्षिय किसन मोची भन्ने देवकिसुन छन् ।

अदालतको फैसलापछि फरार भएका मोची घरमै लुकीबसेको सूचनाको आधारमा पुगेको प्रहरी टोलीले शुक्रबार पक्राउ गरि अदालतमा उपस्थित गराएको थियो ।

प्रहरीका अनुसार वादी सोही वडा निवासी सत्यनारायण यादवको जाहेरीले चलाइएको लेनदेन विगो मुद्दामा सप्तरी जिल्ला अदालतबाट २०७६ साल असोज ९ गतेको फैसलाले ठहर भए बमोजिको रकम बुझाउन नसक्दा विगो वापत ६ महिना कैदमा राख्ने अदालतको आदेशानुसार शुक्रबार नै राजविराज कारागार चलान गरिएको छ ।

## मधेस सरकारद्वारा निहारिकालाई पाँच लाख सहयोग

**दैनिक समाचारदाता**
**धनुषा, १० भदौ ।**

मधेस प्रदेश सरकारले न्यायका लागि संघर्ष गरिरहेकी निहारिका राजपुतलाई पाँच लाख सहयोग प्रदान गर्ने निर्णय गरेको छ ।

मधेस प्रदेश सरकारको शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकले न्यायका लागि सङ्घर्ष गरिरहेकी निहारिकालाई पाँच लाख सहयोग गर्ने निर्णय गरेको सरकारका प्रवक्ता तथा अर्थमन्त्री शैलेन्द्रप्रसाद साहले जानकारी दिएका छन् ।

*बाँकी अन्तिम पृष्ठमा*

## सम्पादकीय

### हाट बजार व्यवस्थित गर्नेतर्फ चाडो पहल होस

नुनदेखी सुनसम्म पाउने राजविराज हटिया अहिले अव्यस्थित बनेको छ । तीन वर्ष अघि नेपालकै उत्कृष्ट एवं व्यवस्थित हटियाको रुपमा परिचित थियो । एक समयमा सो हटियामा दैनिक उपभोग्य बस्तुदेखी लिएर बालबच्चा, बृद्धबृद्धाको कपडा, पूजा सामाग्रि, जन्मदेखी मरनसम्ममा प्रयोग हुने सामाग्रिहरु लगायत पाइन्थ्यो । तर अहिले भौतिक संरचना निर्माणको क्रममा रहँदा ती सबै छिटफुट भइसकेका छन् । हाल हटियामा तरकारी मात्र पाइन्छ । त्यसमा पनि तरकारी खरीद गर्न जाने मानिस भन्दा पनि साइकल, गाईबस्तु लगायतको अनियन्त्रित प्रवेशले निकै अफ्ठ्यारो पारेको छ । व्यवस्थित तरकारी बजार भन्दा बढी अव्यवस्थित तरकारी बजार, साइकल लिएर तरकारी खरीद गर्ने मानिस र गाइबस्तुको प्रवेशले हटियालाई झनै अव्यस्थित बनाएको छ ।

भौतिक संरचना निर्माण गरि हाट बजार व्यवस्थित गर्ने उद्देश्यले सो कार्यको थालनी गरिएको हो । तर भौतिक संरचना जसरी निर्माण भइरहेको छ त्यहा हाट बजार भन्दा बढी किराना पसलहरु संचालनमा उपयुक्त हुन्छ । हाट बजारको अस्तित्व नै समाप्त पार्ने गरि निर्माण गरिएको भौतिक संरचना निर्माण कार्य सम्पन्न गर्ने समय भन्दा बढी भइसकेको छ ।

हटियाको अवस्था कहालि लाग्दो रहेपनि स्थानिय सरकार मुकदर्शक बनेको छ । यद्दपी भौतिक संरचना निर्माण कार्यलाई सम्पन्न गराउनेदेखी लिएर तरकारी बजारलाई व्यवस्थ्ति गर्नेतर्फ ध्यान पुग्न सकेको छैन् । तसर्थ ती निर्माणका कार्यहरु पुरा गराई हाटबजार समेतलाई व्यवस्थित गराउनेतर्फ ध्यान पुऱ्याउनु उपयुक्त हुन्छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# 'अध्यादेश र हालको विधेयकमा अङ्गीकृत नागरिकता सम्बन्धमा कुनै फरक छैन'

भीष्मराज ओझा
काठमाडौं, १० भदौ (रासस) ।

विसं २०७८ मा केपी शर्मा ओली प्रधानमन्त्री हुँदा पेश गरिएको नागरिकतासम्बन्धी अध्यादेश र हाल पेश भएको नागरिकतासम्बन्धी विधेयकमा वैवाहिक अङ्गीकृत नागरिकतासम्बन्धी व्यवस्थामा कुनै फरक छैन । नेपाली नागरिकसँग विवाह गरेकी विदेशी महिलाले वैवाहिक अङ्गीकृत नागरिकता प्राप्त गर्न अहिले नयाँ व्यवस्था गरिएको जस्तो वा जनमानसमा हल्ला चलेको जस्तो पाँच वर्ष वा सात वर्ष जस्ता कुनै पनि समयावधि तोकिएको थिएन ।

तर यस सम्बन्धमा भ्रम फैलाइएको भन्दै नेपाल सरकारले यस सम्बन्धमा स्पष्ट पारेको छ । गृहमन्त्री बालकृष्ण खाणले वैवाहिक अङ्गीकृत नागरिकतासम्बन्धी व्यवस्था नेपाल नागरिकता ऐन, २००९ देखि नै क्रियाशील रहेकाले विगत ७० वर्ष अगाडिदेखि नै प्रचलनमा रहेको र यसैका आधारमा नागरिकता पाइरहेको भनी उल्लेख गर्नुभयो । विसं २०७५ साउन २२ गते तत्कालीन प्रधानमन्त्री ओलीको पालामा दुई तिहाई बहुमतको सरकारले संसद्मा नागरिकता विधेयक पेश गरे पनि त्यो पारित नभई अनिर्णित अवस्थामै रहेको थियो । पछि विसं २०७८ जेठ ९ गते राष्ट्रपतिबाट जारी भएको नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश, २०७८ मा वैवाहिक अङ्गीकृतबारे कुनै उल्लेख गरिएको छैन । यसको अर्थ हाल पेश गरिएको विधेयकको जस्तै नेपालको संविधान २०७२ र नेपाल नागरिकता ऐन, २०६३ मा भएको व्यवस्थालाई नै अध्यादेशमा निरन्तरता दिइएको उहाँले बताउनुभयो ।

नागरिकता नागरिक र राज्यबीचको सम्बन्धको आधार हो । राज्यले प्रत्याभूत गर्नुपर्ने मौलिक हक, आर्थिक, सामाजिक र राजनीतिक अधिकार एवं राज्यप्रति नागरिकको कर्तव्य सुनिश्चित गर्न राज्यले आफ्ना नागरिकलाई नागरिकको दर्जा दिएर वैधानिकता प्रदान गरेको हुन्छ । नेपालको संविधान २०७२ को धारा १० ले 'कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित गरिने छैन' भन्ने व्यवस्था गरेको छ ।

**नागरिकता विधेयक अहिले ल्याउन किन आवश्यक ?**

नेपाल नागरिकता ऐन, २०६३ र नेपालको अन्तरिम संविधान, २०६३ ले जन्मको आधारमा नागरिकता प्रदान गर्ने व्यवस्था गरेको थियो । ( २०४६ चैत्र मसान्तसम्म नेपाल सरहदभित्र जन्म भई नेपालमा स्थायीरूपले बसोबास गर्दै आएको व्यक्तिलाई) जन्मको आधारमा नागरिकता लिएका व्यक्तिका सन्तानलाई वंशजको आधारमा नागरकिता दिने प्रावधान नेपालको संविधान २०७२ को धारा ११ ले गरेको छ ।

यसरी विसं २०७२ मा संविधानले गरेको व्यवस्थालाई सात वर्ष बित्न लागि सक्दा पनि संसद्ले ऐन बनाएर कार्यान्वयन गर्न नसकेको सन्दर्भमा वर्तमान सरकारले नागरिकतासम्बन्धी विधेयकअघि बढाउनुपरेको गृहमन्त्री खाणले बताउनुभयो । बाबु आमा दुवै नेपाली नागरिक भएता पनि उनीहरुका लाखौँ सन्तानले नेपाली नागरिकता नपाएकै कारण उच्च शिक्षा लिन, सिमकार्ड लिन, सवारी चालक अनुमतिपत्र लिन, बैंक खाता खोल्न, व्यवसायका लागि प्यान कार्ड बनाउन, राहदानी बनाउन, लोकसेवा आयोगको परीक्षा दिन, राष्ट्रिय परिचयपत्र प्राप्त गर्न, जन्मदर्ताबाहेकको अन्य घटना दर्ता गर्न, उद्योग व्यवसाय दर्ता गर्न, सङ्घसंस्था दर्ता लगायतका गतिविधि गर्न नपाएर मानवीय जीवनयापन गर्न कठिनाइ भएको छ ।

उहाँले भन्नुभयो, "संवैधानिक प्रावधानअनुरूप नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित गराई राज्यविहीनताको अवस्थामा राख्न मिल्दैन । यसो गर्नु भनेको राज्य आफ्नो नागरिकप्रतिको दायित्वबाट विमुख हुनु हो । यही अवस्थालाई हृदयङ्गम गरी राज्यले आफ्नो दायित्व बोध गर्दै नेपाली बाबु आमाका सन्तानलाई नागरिकता उपलब्ध गराउन यो विधेयक ल्याउन जरुरी भएको हो ।"

**वैवाहिक अङ्गीकृत नागरिकताका सम्बन्धमा फैलाइएको भ्रम**

नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलालाई एक हातले सिन्दुर र अर्को हातले नागरिकता दिने व्यवस्था अहिलेको विधेयकले गर्न लागेको र यसले राष्ट्रियता नै खतरामा पर्ने भनी दुष्प्रचार गरेर निहित राजनीतिक स्वार्थ पूरा गर्न नेपाली जनतामा भ्रम सृजना र दुष्प्रचार भएको जस्तो विधेयकमा कुनै पनि व्यवस्था राखिएको छैन ।

**वैवाहिक अङ्गीकृत नागरिकतासम्बन्धी वास्तविकता**

नेपाल सरकारको वैधानिक कानून, २००४ पद्म शम्शेरको पालामा जारी भएको थियो । त्यसमा नागरिकतासम्बन्धी प्रावधानको बारेमा उल्लेख गरिएको थिएन । नेपाल नागरिकता ऐन, २००९ दफा (३) मा 'नेपाल राज्यको कानून र नीतिबमोजिम नेपाली नागरिकको साथ कुनै किसिमको वैवाहिक सम्बन्ध भएको स्वास्नी मानिस नेपाल नागरिक ठहर्नेछ' भनी उल्लेख थियो ।

यसैगरी नेपालको संविधान, २०१९ धारा ८ मा'नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएकी विदेशी नारीको हकमा निजले सो विदेशको नागरिकता त्यागेपछि नेपालको नागरिकता प्राप्त गर्ने सक्नेछ' भनी उल्लेख छ । नेपाल नागरिकता ऐन, २०२० मा'नेपाली नागरिकसँग भएको वैवाहिक सम्बन्धको र आफूले विदेशी नागरिकता त्याग्ने कारबाही चलाएको निस्सा पेश गर्नुपर्ने' उल्लेख छ । नेपाल अधिराज्यको संविधान, २०४७ धारा ९ (५) मा 'नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएकी विदेशी महिलाले विदेशको नागरिकता त्याग्ने कारबाही चलाएपछि नेपालको नागरिकता प्राप्त गर्न सक्नेछ' भन्ने व्यवस्था छ ।

नेपाल नागरिकता ऐन, २०६३ दफा ५ (१) मा 'नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएकी विदेशी महिलाले नेपाली नागरिकता प्राप्त गर्न चाहेमा नेपाली नागरिकसँग भएको वैवाहिक सम्बन्धको र आफूले विदेशी नागरिकता त्याग्ने कारबाही चलाएको निस्सा पेश गरी निवेदन दिनुपर्ने' उल्लेख छ । यसैगरी नेपालको अन्तरिम संविधान, २०६३ धारा ६ मा 'नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले चाहेमा प्रचलित कानूनबमोजिम अङ्गीकृत नेपाली नागरिकता लिन सक्ने' व्यवस्था छ ।

नेपालको संविधान, २०७२ धारा ६ मा पनि 'नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले चाहेमा सङ्घीय कानूनबमोजिम नेपालको अङ्गीकृत नागरिकता लिन सक्नेछ' व्यवस्था छ ।

**नेपालको संविधान र विशिष्ट पदका लागि नागरिक अधिकारमा सङ्कुचन**

नेपालको संविधानको धारा २८९ ले राज्यको विशेष महत्व र मर्यादाको पदका लागि नागरिकका बीचमा अधिकारको सामान्य विभेद र सङ्कुचन गरेको छ । राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायाधीश, प्रतिनिधिसभाका सभामुख, राष्ट्रियसभाका अध्यक्ष, प्रदेश प्रमुख, मुख्यमन्त्री, प्रदेशसभाको सभामुख र सुरक्षा निकायका प्रमुख पदमा निर्वाचित, मनोनित वा नियुक्ति हुन वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गरेको हुनुपर्ने उल्लेख छ ।

माथिका पदबाहेक अन्य संवैधानिक निकायको पदमा संविधानबमोजिम नियुक्तिका लागि नेपालको अङ्गीकृत नागरिकता प्राप्त गरेको व्यक्तिको हकमा कम्तीमा १० वर्ष, जन्मको आधारमा र वैवाहिक अङ्गीकृत नागरिकता प्राप्त गरेको व्यक्तिको हकमा कम्तीमा पाँच वर्ष नेपालमा बसोबास गरेको हुनुपर्नेछ ।

**नागरिकता विधेयक आउँदा के हुन्छ ?**

नेपाली नागरिक बाबु आमाका करिब लाखौँ सन्ततिहरु नागरिकता नपाएकै कारणबाट चरम निराशा र राज्यविहीनताको अवस्थामा रहेका छन् । त्यस्ता व्यक्तिहरुले नागरिकता प्राप्त गरी राज्यबाट प्राप्त हुने सुविधा प्राप्त गर्ने र राज्यप्रति अपनत्व बढ्ने तथा दायित्वबोध हुने गृहमन्त्री खाणको भनाइ छ ।

यसैगरी गैरआवासीय नेपाली नागरिकलाई राजनैतिक र प्रशासनिक अधिकार बाहेक आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार मात्र दिने गरी नागरिकता प्रदान गर्ने व्यवस्थाले उनीहरुले संवैधानिक व्यवस्थाबमोजिमको अधिकार प्राप्त गर्नेछन् ।

नेपालभित्र फेला परेका पितृत्व र मातृत्वको ठेगान नभएको प्रत्येक नाबालक बाबु वा आमाको पत्ता नलागेसम्म १६ वर्ष पूरा भएपछि वंशजको नागरिकता पाउन सक्ने, संस्था वा कानूनी संरक्षकद्वारा हुर्काइएको अवस्थामा त्यस्तो संस्थाको सिफारिस वा संरक्षकको नागरिकता तथा स्थानीय तहको सिफारिसको आधारमा वंशजको नागरिकता प्राप्त गर्ने व्यवस्था विधेयकमा छ ।

नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिको हकमा निजको बाबुको पहिचान हुन नसकेको व्यहोराको निज र निजको आमाले गरेको स्वघोषणाका आधारमा वंशजको नागरिकता प्राप्त गर्न सक्ने विधेयकमा व्यवस्था छ ।

**नागरिकता विधेयक नआउँदा के हुन्छ ?**

नागरिकता विधेयक नआएको खण्डमा संविधानले प्रत्याभूत गरेको नागरिकता पाउने अधिकारबाट लाखौँ व्यक्ति वञ्चित हुनेछन् । वैवाहिक अङ्गीकृतको हकमा विद्यमान नेपाल नागरिकता ऐन, २०६३ अनुरूप नेपाली नागरिकसँग विदेशी महिलाले वैवाहिक सम्बन्ध र आफूले विदेशी नागरिकता त्याग्ने कारबाही चलाएको निस्सा पेश गरी नागरिकता प्राप्त गर्ने व्यवस्थाले निरन्तरता पाउने छ । साथै गैरआवासीय नागरिकहरुले संवैधानिक व्यवस्थाबमोजिमको अधिकार प्राप्त गर्न वञ्चित हुन्छन ।

**दृअध्यादेश र अहिलेको विधेयकमा के फरक छ ?**

विसं २०७८ जेठ ९ गते केपी शर्मा ओली प्रधानमन्त्री भएको मन्त्रिपरिषद्ले सिफारिस गरेर राष्ट्रपति विद्यादेवी भण्डारीद्वारा जारी भएको नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश, २०७८ र हाल पेश भएको विधेयकमा वैवाहिक अङ्गीकृत नागरिकतासम्बन्धी व्यवस्थामा कुनै भिन्नता छैन । अङ्गीकृत नागरिकताको विषयमा नेपाल नागरिकता ऐन, २०६३ को व्यवस्थालाई नै निरन्तरता दिइएको छ । यो ऐन सात दल र तत्कालीन नेकपा माओवादीबीच सहमति भएर जारी भएको थियो । ऐन जारी हुँदा केपी शर्मा ओली उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री हुनुहुन्थ्यो भने राष्ट्रपति विद्यादेवी भण्डारी सांसद हुनुहुन्थ्यो । साथै सो ऐन जारी हुँदा व्यवस्थापिका संसद्मा प्रतिनिधि रहेका दल र सदस्यहरुमध्ये सबैजसो दल र केही सदस्यहरु वर्तमान सङ्घीय संसद्मा पनि रहनुभएको छ । तत्कालीन अवस्थामा उक्त ऐनमा राखिएको वैवाहिक अङ्गीकृतसम्बन्धी प्रावधानमा सबैको सहमति थियो ।

विसं २०७८ मा पेश भएको अध्यादेश र हाल पेश भएको विधेयकमा नयाँ व्यवस्था राखिएको भनेको गैरआवासीय नेपाली नागरिकलाई राजनैतिक र प्रशासनिक अधिकारबाहेक आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसहितको नागरिकताको व्यवस्था मात्र हो ।

**निष्कर्ष**

नेपाली नागरिकसँग विवाह गरेकी विदेशी महिलालाई वैवाहिक अङ्गीकृत नागरिकता दिने प्रावधान २००९ सालदेखि (नेपालको संविधान २०१९ को दोस्रो संशोधन २०३२ सालदेखि तेस्रो संशोधन २०३७ हुनु अघिसम्म बाहेक) हालसम्म निरन्तरता पाएको छ । अहिले समयावधि नराखी नागरिकता दिँदा राष्ट्रको अस्मितामा आँच पुग्ने भनी दुष्प्रचार गरेर भ्रम सिर्जना गर्ने काम भएको भन्दै गृहमन्त्री खाणले गुनासो गर्नुभयो ।

केपी शर्मा ओली प्रधानमन्त्री कालमा तीन वर्ष पाँच महिनासम्म दुई तिहाइको सरकारले संविधानको प्रावधानअनुरूप नागरिकता ऐन ल्याउन पनि सकेन र वैवाहिक अङ्गीकृतको हकमा समायवधि पनि राखेन । अध्यादेश ल्याउँदा पनि वैवाहिक अङ्गीकृतको हकमा नेपाल नागरिकता ऐन, २०६३ को व्यवस्थालाई निरन्तरता दिई समयावधिको व्यवस्था गरिएन । गृहमन्त्री खाणले भन्नुभयो, "अहिले वैवाहिक अङ्गीकृतलाई नागरिकता दिँदा निश्चित समयावधि तोक्नुपर्ने, नतोक्दा राष्ट्रियता नै खतरामा पर्छ भन्नु दुष्प्रचारभन्दा बढी केही होइन । यो भ्रमबाट सबै नेपाली जनता मुक्त हुनुपर्दछ ।"

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# मंसिर ४ को निर्वाचन सुरक्षार्थ ७१ हजार ६ सय ९३ प्रहरी कर्मचारी परिचालन हुने

काठमाडौँ, १० भदौ (रासस) ।

आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा नेपाल प्रहरीले ७१ हजार छ सय ९३ प्रहरी कर्मचारी परिचालन गर्ने भएको छ ।

गत वैशाख ३० को सम्पन्न स्थानीय तह निर्वाचनमा करिव १० हजार बढी प्रहरी परिचालन गर्न लागिएको हो । निर्वाचनअन्तर्गत मतदानको दिन आउन ८६ दिन बाँकी छ । प्रहरी महानिरीक्षक धीरजप्रताव सिंहले प्रतिनिधिसभा निर्वाचनमा प्रत्यक्ष र समानुपातिक तथा प्रदेशसभा निर्वाचनमा पनि प्रत्यक्ष र समानुपातिक निर्वाचन हुने भएकाले पनि एक ठाउँमा मत खसालिसकेपछि पुनःअर्को ठाउँमा मत खसाल्नुपर्ने अवस्था रहने हुँदा पनि सुरक्षा जनशक्ति बढी आवश्यकपर्ने जानकारी दिनुभयो ।

केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक टेकप्रसाद राईले निर्वाचनलाई निष्पक्ष, भयरहित वातावरणमा सम्पन्न गर्न स्थानीय तह निर्वाचनभन्दा म्यादी प्रहरी पनि थप २० हजार बढी प्रस्ताव गरिएको जानकारी दिनुभयो ।

गत स्थानीय निर्वाचनमा एक लाख म्यादी प्रहरी भर्ना गरिएकामा यसपटक एक लाख २० हजार भर्नाका लागि तालकु गृहमन्त्रालयमा प्रस्ताव पेश गरिएको छ । उहाँले सङ्घ र प्रदेश निर्वाचनमा कैदीबन्दीसहित पाँच लाख मतदाता बढ्ने र मतदान केन्द्रसमेत थप हुने अनुमान गरिएअनुसार सुरक्षाकर्मी बढाइएको हो ।

गृहमन्त्रालयबाट प्रस्ताव पारित भएर आएपछि मात्रै अन्य औपचारिक काम अघि बढ्ने जनाउँदै उहाँले अहिले आन्तरिक तयारीका काम चलिरहेको जानकारी दिनुभयो । नेपाल प्रहरीले यसअघि नै प्रहरी अतिरिक्त महानिरीक्षक सहकुलबहादुर थापाका नेतृत्वमा प्रहरीको केन्द्रीय निर्वाचन सेल र मातहतका कार्यालय, प्रदेश तथा जिल्लामा आवश्यकतानुसार सेल गठन गरी आवश्यक कार्य प्रक्रिया अघि बढाइएको छ ।

प्रदेशमा प्रहरी वरिष्ठ उपरीक्षक, प्रहरी उपरीक्षकको नेतृत्व रहेको जिल्लामा प्रहरी नायब उपरीक्षक तथा प्रहरी नायब उपरीक्षकको नेतृत्व रहेको जिल्लामा प्रहरी निरीक्षकको नेतृत्वमा निर्वाचन सेल गठन गरिएको छ ।

"उम्मेदवार सङ्ख्या, निर्वाचन कार्यालय, मतदान केन्द्र, निर्वाचन सामग्री, मतपेटिका, मतदानस्थल तथा रुट सबै प्रारम्भिकरुपमा यकिन गरेर आवश्यक सुरक्षा तयारी गरिएको छ", प्रवक्ता राईले रासससँग भन्नुभयो, "माथिबाट निर्णय भएर आएपछि बाँकी काम अघि बढ्छ ।" प्रहरीले सामान्य, संवेदनशील र अतिसंवेदनशील छुट्याएर मतदानस्थलको पहिचानसँगै सोहीअनुसार प्रहरी कर्मचारी खटाउने गरी योजना बनाएको छ ।

प्रहरीले यसअघि नै मङ्सिर ४ को सङ्घ र प्रदेश निर्वाचनका लागि कुल एक हजार चार सय ९४ सवारी साधन, सात सय बढी सञ्चार सेट आवश्यक रहेको भनी मन्त्रालयमा लेखेर पठाइसकेको छ । पेश गरिएको प्रस्तावमा आवश्यक हातहतियारको पनि माग गरिएको छ ।

उहाँले हतियार अपुग भएमा नेपाली सेनाबाट बहालगिरीमा ल्याएर प्रयोग गरिने जानकारी दिनुभयो । सञ्चार सेट सम्भव भएन भने प्रहरीका मोबाइललाई सञ्चार सेटका रुपमा प्रयोग गरी उनीहरू लाई रिचार्ज कार्ड उपलब्ध गराउने योजना बनाइएको छ ।

प्रवक्ता राईले भन्नुभयो, "स्थानीय तहको झैँ सङ्घीय र प्रदेश निर्वाचन शान्तिपूर्णरुपमा सम्पन्न गर्न नेपाल प्रहरीलाई अवसर आएको छ, यो अवसर जो कोहीलाई आउँदैन, त्यसकारण नेपाल प्रहरीका जवानदेखि अधिकृत उत्साहित छन्, निर्वाचनलाई शान्तिपूर्ण बनाउन आतुर छन् ।" प्रहरी कर्मचारीबाट भने निर्वाचनमा खटिने अन्य सबै कर्मचारी बराबरको खाजा भत्ता दिएमा थप उत्साहित हुने जनाइएको छ ।

**केन्द्रीय सुरक्षा योजना बन्दै**

गृहमन्त्रालयले पनि आफ्नो निर्वाचन सुरक्षाको तयारीलाई तीव्र पारेको छ । गृहसचिव टेकनारायण पाण्डेको नेतृत्वमा सबै सुरक्षा निकायका प्रमुख सदस्य रहेको केन्द्रीय निर्वाचन सुरक्षा सेल गठन गरी तीव्ररुपमा कार्य अघि बढाइएको गृह प्रवक्ता फणिन्द्रमणि पोखरेले जानकारी दिनुभयो । उहाँले सोहीअनुसार प्रदेश मुख्य सचिवको नेतृत्वमा प्रदेश सुरक्षा समन्वय सेल गठन गरिएको जानकारी दिनुभयो ।

त्यस्तै प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा जिल्ला निर्वाचन सेल तथा कमाण्ड पोष्ट गठन गरिएको छ । यस्तै केन्द्रीय सुरक्षा योजना पनि बन्दै गरेको उहाँले जानकारी दिनुभयो । सुरक्षाकर्मीलगायतको स्रोतसाधन जनशक्तिलगायतमा विषयमा अर्थ मन्त्रालयमा लेखेर पठाएको जानकारी दिँदै उहाँले स्वीकृत भएर आएलगत्तै औपचारिकरुपमा काम अघि बढ्ने जानकारी दिनुभयो । "गाडी भत्ता, अन्य बन्दोबस्तीका सामान, म्यादी प्रहरी, सञ्चार सेट सबै लेखेर पठाएका छौँ", प्रवक्ता पोखरेलले भन्नुभयो ।

# कृषि सामग्रीद्वारा १९ करोडको रासायनिक मल बिक्री

जनकपुरधाम, १० भदौ (रासस) ।

कृषि सामग्री कम्पनी लिमिटेड जनकपुरधामले आर्थिक वर्ष २०७८/७९ मा रु १९ करोड १२ लाख मूल्य बराबरको रासायनिक मलखाद बिक्री गरेको छ ।

यस आवमा रु १२ करोड १३ लाखको डिएपी, रु छ करोड ५२ लाखको युरिया र रु ४६ लाखको पोटास बिक्री गरेको कार्यालय प्रमुख बेचन साहले जानकारी दिनुभयो । आव २०७८/७९ मा पाँच हजार मेट्रिक टन युरिया, चार हजार पाँच सय मेट्रिक टन डिएपी र एक सय टन पोटास मल बिक्री गर्ने वार्षिक लक्ष्य रहेकामा तीन हजार आठ सय तीन मेट्रिक टन युरिया, दुई हजार पाँच सय ९१ मेट्रिक टन डिएपी र ३० टन पोटास मात्र आपूर्ति भएको उहाँले बताउनुभयो ।

आव २०७८/७९ मा आपूर्ति भएको र अघिल्लो आवको समेतबाट युरिया चार हजार ६७ मेट्रिक टन, डिएपी दुई हजार छ सय ९६ मेट्रिक टन र पोटास एक सय ३९ दशमलव चार सय ५० टन बिक्री भएको प्रमुख साहले बताउनुभयो । आव २०७७/७८ मा कृषि सामग्री कम्पनी जनकपुरधामले रु २५ करोड ३९ लाख बराबरको रासायनिक मल बिक्री गरेको थियो । अघिल्लो आवको भन्दा आव २०७८/७९ मा लक्ष्यभन्दा कम मल आपूर्ति भएकाले बिक्री घटेको हो ।

आव २०७७/७८ मा छ हजार मेट्रिक टन युरिया र पाँच हजार मेट्रिक टन डिएपी मल माग गरेकामा युरिया तीन हजार दुई सय मेट्रिक टन र डिएपी चार हजार पाँच सय मेट्रिक टन आपूर्ति भएको थियो । आव २०७७/७८ मा भन्दा आव २०७८/७९ मा रासायनिक मल कोटा बमोजिम आपूर्ति नभएको साहको भनाइ छ । चालु आव २०७९/८० को साउनको अन्तिम साता आइपुगेको युरिया तीन सय ६० मेट्रिक टन र अघिल्लो आवको ४७ दशमलव तीन सयसमेत गरी चार सय पाँच दशमलव नौ सय ५० मेट्रिक टन युरिया वितरण भइरहेको

*बाँकी अन्तिम पृष्ठमा*

## राजविराज नगरपालिका
## ७ नं. वडा कार्यालय
## ७ नं. वडा कार्यालयबाट जारि भएको ३५ दिने सूचना

मिति : २०७९/०५/०९

जिल्ला सप्तरी राजविराज नगरपालिका वडा नं. ०७ बस्ने चुनचुन लाल देवको छोरा महेन्द्र प्रसाद देवले तपसिलका जग्गाहरु नामसारी दर्ता गर्न सिफारिस गरि पाउँ भनी मिति २०७९/०५/०९ मा दं.न. १३६ को निवेदन दिएको हुँदा सो जग्गामा कसैको हक दाबी भए सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो सबुत प्रमाण सहित यस वडा कार्यालयमा निवेदन दिनहुन आउनु होला । अन्यथा कानुन बमोजिम भइ जाने व्यहोरा जानकारी गराइन्छ ।

**तपसिल**

**स्व. सुलोचना देवी बैश्यको नाममा दर्ता कायम रहेको जग्गाहरु**

| जिल्ला | गाविस/न.पा. | वार्ड न. | कि.न. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | राजविराज | ६ हाल ७ | ७२३ | ०-०-१० |
| सप्तरी | राजविराज | ६ हाल ७ | १२७७ | ०-०-२.५ |
| सप्तरी | डिमन | ६ | ३२९ | ०-१०-४ |
| सप्तरी | डिमन | ६ | ३२८ | ०-१-० |
| काठमाडौं | थानकोट माहादेवस्थान | १ (क) | ७५२ | ०-०-३.१ |
| काठमाडौं | थानकोट माहादेवस्थान | १ (क) | १३०७ | ०-१-३.३ |

शुभाष चन्द्र यादव
वडा अध्यक्ष






डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग
सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774
Mo. No : 9819721526, 9852820734

## विश्व समाचार

# बाढी पहिरोबाट नौ सयको मृत्यु भएपछि पाकिस्तानमा राष्ट्रिय संकट घोषणा

इस्लामावाद, १० भदौ (रासस/एएनआई) ।

पाकिस्तानमा सरकारले राष्ट्रिय सङ्कट घोषणा गरेको छ । लगातारको बर्षाका कारण देशका विभिन्न ठाउँमा बाढी पहिरो आएको र मानवीय तथा भौतिक क्षति भएकाले राष्ट्रिय सङ्कट घोषणा गरिएको हो । सरकारले बिहीबार राष्ट्रिय सङ्कट घोषणा गर्दै आफ्ना सबै शक्ति तथा कार्यक्रम प्रभावित क्षेत्र र पीडित जनतामा केन्द्रित गरिने जनाएको छ ।

राष्ट्रिय प्रकोप व्यवस्थापन प्राधिकरणका अनुसार पछिल्लो समयमा आएका बाढी पहिरोका घटनामा परी नौ सय ३७ जनाको मृत्यु भएको छ । ती मध्ये तीन सय ४३ जना बालबालिका रहेका छन् । त्यसैगरी बाढी पहिरोका कारण अरु हजारौँ मानिस घाइते तथा विस्थापित भएका छन् भने लाखौँ मानिस प्रभावित भएका छन् ।

मृत्यु भएका मध्ये सबैभन्दा धेरै सिन्ध प्रान्तमा मृत्यु भएको छ । त्यहाँ ३०६ जनाको मृत्यु भएको पाकिस्तानी गृह मन्त्रालले जनाएको छ । पाकिस्तानमा पछिल्लो समय गत जुन १४ देखि बाढी पहिरोका घटना बढेका छन् ।

त्यसैगरी बालुचिस्तानमा दुई सय ३४, खैबर पख्तुन्ख्वामा एक सय ८५ जना र पन्जावमा १६५ जनाको मृत्यु भएको मन्त्रालयले जनाएको छ । पाकिस्तानमा अहिले अस्वभाविक रुपमा बर्षा भएको र त्यसको असर पनि अस्वभाविक नै रहेको अधिकारीहरुले जनाएका छन् ।

प्राधिकरणले बुधबार सार्वजनिक गरेको विवरण अनुसार सोही अवधिमा अरु एक सय १३ जना घाइते भएका छन् । त्यसैगरी हजारौँ मानिस घरबार विहिन भएका र उनीहरु मध्ये कतिपय अझै पनि अस्थायी शिविरमै रहेको प्राधिकरणले जनाएको छ । बाढी पहिरो गएका ठाउँमा उद्धार तथा राहतका लागि ठूलो मात्रामा जनशक्ति परिचालन गरिएको छ । उनीहरुले घटनास्थलमा दयनीय अवस्था रहेकाले धेरै सहयोग सामग्रीहरुको आवश्यकता रहेको बताएका छन् । बाढी पहिरोले धेरै क्षति गरेकाले अन्तर्राष्ट्रिय समुदायबाट सहयोगको अपेक्षा गरिएको पाकिस्तानी सरकारी अधिकारीहरुले बताएका छन् ।

# भारतमा कोरोना सङ्क्रमितको संख्या दश हजार भन्दा बढी

नयाँदिल्ली, १० भदौ (रासस/एएनआई) ।

भारतमा एकै दिनमा कोरोना सङ्क्रमितको सङ्ख्या दश हजारभन्दा बढी भएको छ । यहाँ २४ घण्टाको समयावधी अर्थात बिहीबार मध्यरातिसम्म दश हजार दुई सय ६५ जना कोरोना सङ्क्रमित भएका सङ्घीय स्वास्थ्य मन्त्रालयले शुक्रबार सार्वजनिक गरेको छ ।

यसैसँगै भारतमा चार करोड ४३ लाख ८९ हजारभन्दा बढी कोरोना भाइरस सङ्क्रमित भएका छन् । भारतमा एक दिन अगाडि अर्थात बिहीबार प्रकाशित तथ्याङ्कअनुसार एक दिनमा दश हजार छ सय ४९ जनामा सङ्क्रमण देखापरेको थियो ।

दैनिक सङ्क्रमितको सङ्ख्यामा उतारचढाव भइरहेको छ । भारतमा अहिले सक्रिय सङ्क्रमितको सङ्ख्या ९० हजार ७०७ जना रहेका छन् । गत २४ घण्टाको समयावधीमा कोरोना सङ्क्रमणबाट यहाँ ६८ जनाको मृत्यु भएको छ । यसैसँगै कोरोना सुरु भएबाट हालसम्म पाँच लाख २७ हजार चार सय ५६ भन्दा बढीको मृत्यु भएको छ ।

भारतमा हिजो एक दिनमा १३ हजार पाँच सय २८ जना कोरोना मुक्त भएका छन् । यसैसँगै कूल चार करोड ३७ लाख ७० हजार नौ सय १३ जना कोरोनामुक्त भएका छन् ।

नयाँ सङ्क्रमितको सङ्ख्याभन्दा सङ्क्रमणमुक्त भएकाको सङ्ख्या धेरै रहेकाले सक्रिय सङ्क्रमित घटेका छन् । भारतमा सन् २०२१ को जनवरी १६ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान सुरु भएको थियो ।

सो समयबाट हालसम्म दुई अर्ब ११ करोड १३ लाख ९४ हजार भन्दा बढी मात्रा खोप लगाइएको छ । भारतमा कोरोना सुरु भएयता हालसम्म ८८ करोड ३९ लाख १६ हजार सात सय २३ जना कोरोना भाइरस परीक्षण भएको जनाइएको छ ।

# कारबाहीमा नाइजेरियामा ५७ जना आतंककारी मारिए

अबुजा, १० भदौ (रासस/सिन्ह्वा) ।

नाइजेरियाको उत्तरपूर्वी क्षेत्रमा भएको आतङ्कवाद विरुद्धको कारबाहीमा परी कम्तीमा पनि ५७ जना अतिवादी हतियारधारी मारिएका छन् । गएको दुई हप्तायता सो क्षेत्रमा यहाँको सेनाले जारी राखेको कारबाहीका क्रममा ती हतियारधारी मारिएका समाचारमा जनाइएको छ । नाइजेरियाको सेनाका प्रवक्ता मुसा दनमादानीले सो कुराको जानकारी दिनुभएको हो ।

नाइजेरियाका दुई उत्तरपूर्वी प्रान्त बोर्नो र योबेमा सो कारबाही गरिएको थियो । यहाँको सेनाले यी दुई प्रान्तमा हवाई तथा स्थलगत कारबाही गरेको थियो । उक्त कारबाही यही अगष्ट २५ सम्म गरिएको र त्यस क्रममा बोको हरामका ५७ जना लडाका मारिएका हुन् । उनीहरुले बोर्नो र युबे प्रान्तमा हिंसा गराएकाले नाइजेरियाली सेनाले उक्त कारबाहीको प्रक्रिया थालेको थियो ।

त्यस कारबाहीका क्रममा यहाँका एक हजार छ सयभन्दा बढी बोको हरामका व्यक्तिले सुरक्षाकर्मी समक्ष आत्मसमर्पण पनि गरेका थिए । उनीहरुले हातहतियारसहित आत्मसमर्पण गरेका बताइएको छ । नाइजेरियाको बोर्नो प्रान्तमा बोको हरामका लडाकाहरुको प्रभाव रहेको मानिन्छ । त्यसैले पछिल्लो केही दिनमा यहाँका लडाकाहरुका विरुद्धमा नाइजेरियाली सेनाले कारबाहीलाई केन्द्रित गरेको बताइएको छ ।

# निर्वाचनमा सबैभन्दा बढी दल मधेस प्रदेशमा हुने

काठमाडौँ, १० भदौ (रासस) ।

आगामी मङ्सिर ४ गते एकै चरणमा हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन २०७९मा सहभागी हुने दलको सङ्ख्या सबैभन्दा बढी मधेस प्रदेशमा देखिएको छ ।

निर्वाचन प्रयोजनका लागि मतपत्रमा कायम रहने गरी जम्मा सहभागी हुने दलका आधारमा सो प्रदेशमा वढी देखिएको हो ।

आयोगबाट भएको राजनीतिक दल दर्ता, निर्वाचन चिह्न प्रदान र निर्वाचन चिह्नको क्रम निर्धारणअनुसार सो प्रदेशमा ६७ दलका निर्वाचन चिह्नमध्येबाट मतपत्रमा कायम रहने गरी सहभागी हुने दलको सङ्ख्या ७५ कायम भएको छ ।

यसैगरी प्रदेश नं १ मा ६२ दलका चिह्नमध्येबाट मतपत्रमा कायम रहने गरी ७०, बागमती प्रदेशमा ६४ दलका चिह्नमध्येबाट मतपत्रमा कायम रहने गरी सहभागी हुने दलको सङ्ख्या ७२ हुने आयोगका सहप्रवक्ता सूर्यप्रसाद अर्यालले जानकारी दिनुभयो ।

यस्तै गण्डकी प्रदेशमा ५८ निर्वाचन चिह्नमध्येबाट मतपत्रमा कायम रहने गरी सहभागी हुने दलको सङ्ख्या ६६, लुम्बिनी प्रदेशमा ६० दलका चिह्नमध्येबाट मतपत्रमा कायम रहने गरी सहभागी हुने दलको सङ्ख्या ६८, कर्णाली प्रदेशमा ५६ दलका चिह्नमध्येबाट मतपत्रमा कायम रहने गरी सहभागी हुने दलको सङ्ख्या ६४ र सुदूरपश्चिम प्रदेशमा ५६ दलका चिह्नमध्येबाट मतपत्रमा कायम रहने गरी सहभागी हुने दलको सङ्ख्या ६४ रहने गरी आयोगले बिहीबार निर्णय गरेको छ ।

आयोगले निर्वाचन प्रयोजनार्थ दल दर्ताका लागि तोकिएको समयावधिभित्र प्रतिनिधिसभा सदस्य निर्वाचन प्रयोजनको लागि ८० वटा दल दर्ता निवेदन र एकल चुनाव चिह्न लिई निर्वाचनमा भाग लिने प्रयोजनका लागि चार निवेदन गरी जम्मा ८४ (चौरासी) वटा निवेदन प्राप्त हुन आएकोमा राजनीतिक दलहरूबाट दर्ता हुन आएका निवेदनलगायत अन्य कागजातको अध्ययन र जाँचबुझ गर्दा जम्मा ७९ वटा दलका निर्वाचन चिह्नमध्येबाट मतपत्रमा कायम रहने गरी जम्मा सहभागी हुने दलको सङ्ख्या ८७ कायम गरेको छ ।

## डुंगाको प्रयोग ...

जानकारी दिएका छन् ।

बरामद सामान शुक्रबार नै आवश्यक कानुनी प्रक्रियाका लागि तिलाठी कोइलाडीस्थित राजविराज भन्सार कार्यालय पठाइएको छ । प्रहरी देख्नासाथ सामान फ्यालेर डुंगाबाट भारततर्फ भागेका तस्करहरुको खोजिकार्य भइरहेको सशस्त्र प्रहरी बलले जनाएको छ ।

## मधेस सरकारद्वारा ...

मन्त्री साहले निहारिकालाई कानुनी लडाइँका लागि मुख्य न्यायाधिवक्ता दीपेन्द्र झाको सिफारिसमा सो रकम सहयोग गरिएको जानकारी दिए । उनले न्यायाधिवक्ता कार्यालयबाट निहारिकालाई आवश्यक सहयोगसमेत प्रदान गरिने जानकारी दिए ।

# निर्वाचन विकास क्षेत्र कार्यक्रममा रोक

**दैनिक समाचारदाता**
**धनुषा, १० भदौ ।**

मधेस प्रदेश सरकारले प्रदेश सभासद्का लागि विनियोजन गरेको निर्वाचन विकास क्षेत्र कार्यक्रममा रोक लागेको छ ।

निर्वाचन विकास क्षेत्र कार्यक्रम नगर्न नगराउन निर्वाचन आयोगबाट सोमबार नै पत्र आएको मधेस प्रदेश सरकारका भौतिक पूर्वाधार विकास तथा यातायातमन्त्री रामसरोज यादवले जानकारी दिएका छन् ।

निर्वाचनको मिति घोषणा भइसकेका अवस्थामा छोटो समयका लागि योजना कार्यान्वयन गर्दा निर्वाचनको निष्पक्षता माथि प्रश्न उठ्नसक्ने भएकाले त्यो कार्यक्रम नगर्न नगराउन निर्वाचन आयोगले सरकारलाई पत्र पठाएको छ ।

"निर्वाचन क्षेत्र विकास कार्यक्रम नगर्न र अबण्डा रकमसमेत बाँडफाँट नगर्न नगराउन निर्वाचन आयोगले परिपत्र गरेको छ", उनले भने, "निर्वाचन आयोगले काम नगर्न पत्राचार गरेसँगै ती दुवै कार्यक्रम हुन सक्दैन ।"

आयोगबाट परिपत्र प्राप्त भइसकेकाले निर्वाचन क्षेत्र विकास कार्यक्रम सञ्चालन गर्न नसकिने मन्त्री यादवले बताए ।

प्रत्यक्षतर्फका सभासदलाई जनही तीन करोड र समानुपातिकतर्फका सभासदलाई जनही एक करोड निर्वाचन क्षेत्र विकास कार्यक्रमका लागि प्रदेश सरकारले विनियोजन गरेको थियो ।

# तीन दललाई निर्वाचन चिह्न प्रदान

काठमाडौँ, १० भदौ (रासस) ।

निर्वाचन आयोगले विभिन्न नयाँ तीन दललाई निर्वाचन चिह्न बिहीबार प्रदान गरेको छ ।

आयोगले राष्ट्रिय यथार्थवादी पार्टी नेपाललले मोटरसाइकल, सामाजिक लोकतान्त्रिक पार्टीले तीन ढुङ्गे अघिनो र त्रिमूल नेपालले ओदान निर्वाचन चिह्न दल दर्ताको निवेदन पेस गरेकामा ती दललाई मागबमोजिमकै तत्तत् निर्वाचन चिह्न प्रदान गरेको हो । उक्त चिह्न तत्तत् दलको निर्वाचन चिह्नका रूपमा रहनेगरी राजनीतिक दलसम्बन्धी ऐन २०७३ को दफा ५१ बमोजिम अभिलेखीकरण गर्ने निर्णय भएको आयोगका सहायक प्रवक्ता सूर्यप्रसाद अर्यालले जानकारी दिनुभयो ।

दर्ता भएका राजनीतिक दलमध्ये निर्वाचन हुनुभन्दा तत्कालअघि कायम रहेको प्रतिनिधिसभा/प्रदेशसभामा प्रतिनिधित्व गर्ने दलले त्यस्तो प्रतिनिधिसभा/प्रदेशसभाको निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीतर्फ प्राप्त गरेको मत सङ्ख्याका आधारमा र प्रतिनिधित्व नगर्ने दलको हकमा प्रतिनिधिसभा/प्रदेशसभा सदस्य निर्वाचन, २०७९ को प्रयोजनका लागि आयोगमा दल दर्ता भएको क्रमका आधारमा राजनीतिक दल एवं उम्मेदवारको निर्वाचन चिह्न मतपत्रमा समावेश गरिनेछ । यसरी निर्धारण गरिएका निर्वाचन चिह्न नेपाल राजपत्रमा प्रकाशन गर्ने निर्णय भएको आयोगले जनाएको छ ।

## कृषि सामग्रीद्वारा ...

छ । कृषि सामग्री कम्पनी केन्द्रीय कार्यालयबाट मल आएपछि कोटा निर्धारण गरी स्थानीय तहमा रहेका सहकारी संस्थाका डिलरमार्फत किसानलाई मल वितरण गर्दै आएको जनाएको छ ।

"हामीलाई जति मल मात्र प्राप्त भएको छ, त्यसलाई कोटाबमोजिम स्थानीय तहको सिफारिसमा वितरण गर्दै आएका छौँ", साहले भन्नुभयो, "मल आएलगत्तैबाट बिक्री-वितरण सुरु गरेका छौँ, तर मागबमोजिम मल उपलब्ध गराउन नसकिएकाले सबै किसानले पाउने अवस्था छैन ।" बाली सघनता र खेतीयोग्य क्षेत्रफलका आधारमा स्थानीय तहलाई मलखादको कोटा निर्धारण गरी स्थानीय तहको सिफारिसको आधारमा सहकारी संस्थाका डिलरलाई वितरण गर्दै आएको साह बताउनुहुन्छ ।

डिएपी र युरिया बर्सेनि आपूर्ति कम भएपछि कृषि सामग्री कम्पनी जनकपुरधाले झण्डै आधा मूल्य बराबरको रासायनिक मल मात्र बिक्री गरेको छ । धानबालीको बेला भएकाले युरिया र डिएपीको माग बढे पनि अन्तर्राष्ट्रिय बजारमा भएको मूल्यवृद्धि, ढुवानी आपूर्तिको समस्या, मलको अनियन्त्रित प्रयोग र भारतीय सीमानाकामा भएको कडाइलगायतका कारण धनुषा र महोत्तरीमा युरिया र डिएपीको आभाव हुने गरेको उहाँले बताउनुभयो ।

डिएपी र युरियाको माग बढेकाले आपूर्तिका लागि केन्द्रमा पटक-पटक पत्राचार गरे पनि बर्सेनि आपूर्ति घट्दै गएकाले समस्यामा परेको उहाँको भनाइ छ । यसरी डिएपी र युरियाको आपूर्ति कम भएपछि किसानलाई मलखादको समस्या भइरहेको नेपाल कृषक महासङ्घ मधेस प्रदेशका अध्यक्ष मुक्ति यादवले बताउनुभयो । मागअनुसार मलको आपूर्ति नहुँदा बर्सेनि किसानले मलका लागि डिलर चहार्ने गरे पनि सहजरूपमा पाउने अवस्था नरहेको उहाँको भनाइ छ ।


दर्ता नं. ११/०६८/०६९

**जनज्योति कृषि सहकारी संस्था लिमिटेड**
मुख्य कार्यालय मलेठ-९ , सप्तरी

पान नं. :- ३०५११४१७
चलानी नं. :-
पत्र संख्या :- २०७९/०८०

प्रकाशित मिति : २०७९।०५।१०

**विषय : लेखापरीक्षक आवश्यकता सम्बन्धी सुचना**

संचालक समितिको मिति २०७९।०५।१० गते बसेको बैठकको निर्णय बमोजिम यस जन ज्योति कृषि सहकारी संस्थाको आ.व.२०७९।०८०को लेखा परिक्षण गर्न लेखापरीक्षक आवश्यकता भएकोले ईच्छुक दर्तावाला चार्टड एकाउन्टेन्टस् एशोसिएट्सहरुबाट तपसिलका कागजातहरु र लेखा परीक्षण शुल्क ( कर समावेश गरिएको) सहितको प्रस्ताव आव्हान गरिन्छ ।

**(क) कार्य विवरण**
१) संस्थाको आ.व २०७९।०८० को प्रत्येक त्रैमासिक आन्तिरिक लेखा परीक्षण गरी बार्षिक लेखा परीक्षण पेश गर्ने ।
२) कर योजना र कर परीक्षण कार्यमा सहयोग गर्ने ।
३) विधान ऐन नियम अनुसार नीतिगत सुधार तथा संशोधनको लागि आवश्यक राय सुझाव पेशगर्ने

**ख) आवश्यक कागजातहरु**
१) नविकरण भएको दर्ता प्रमाण पत्रको प्रमाण्ति प्रतिलिपी ।
२) नविकरण भएको पेशागत प्रमाण पत्रको प्रतिलिप
३) कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी आ.ब. २०७८।०७९ को ।
४) प्यानभ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपी
५) कम्पनीर एशोसियट्सको प्रोफाईल ।

**ग) अन्य**
१) फारम भर्ने अन्तिम मिति २०७९।०५।१७ गते सम्म ।
२) लेखा परिक्षण शुल्क आपसी समझदारीमा साधारण सभाबाट पारित भए बमोजिम

जन ज्योती कृषि सहकारी संस्था
राजविराज ९, मलेठ सप्तरी
सर्म्पक न. ०३१५९०६०१,६०२
इमेल: janajyoticoop@gmail.com



**विज्ञापन व्यवसायलाई पारदर्शी बनाऔं**

- सञ्चारमाध्यमले आफ्नो प्रभाव, पहुँच र लोकप्रियताका आधारमा विज्ञापनको दर कायम गरौं।
- विज्ञापन दरमा छुट दिनेभए सोसमेत उल्लेख गरौं।
- निर्धारित दर सार्वजनिक गरौं र विज्ञापन बोर्डमा समेत पठाऔं।
- तोकिएको दर र छुटको सिमामा रही कारोबार गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु →
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
Prabhu Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*